# रुन्टिगढी गाउँपालिकाको आर्थिक विधेयक, २०७८
## रुन्टिगढी गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

*गाउँसभाबाट स्वीकृत मिति : २०७८।०३।२५*

**प्रस्तावना :**

रुन्टिगढी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम रुन्टिगढी गाउँसभाले यो ऐन वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम 'आर्थिक ऐन, २०७८' रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि रुन्टिगढी गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति कर :

गाउँपालिका क्षेत्रभित्र अनुसूची- १ बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत):

गाउँपालिका क्षेत्रभित्र अनुसूची- २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल कर :

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची- ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर :

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची- ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर :

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,



CS CamScanner

सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची- ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन कर :

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची- ६ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. विज्ञापन कर :

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची- ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. मनोरञ्जन कर :

गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची- ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्क :

गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची- ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्क :

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची- १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग शुल्क :

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची- ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुर :

गाउँपालिकाले निर्माण, सचालन वा व्यवस्थापन गरेका अनुसूची- १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार

शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. पर्यटन शुल्क:

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची- १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।



CamScanner

## अनुसूची (१)

### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित

### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम

### गाउँपालिका क्षेत्रमा लाग्ने एकीकृत सम्पत्ति करको दर

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १ | १० लाख रुपैंया सम्म | २००.०० | |
| २ | १० लाख भन्दा माथि २० लाखसम्म | ५००.०० | |
| ३ | २० लाख भन्दा माथि ३० लाखसम्म | १,०००.०० | |
| ४ | ३० लाख भन्दा माथि ५० लाखसम्म | १,५००.०० | |
| ५ | ५० लाख भन्दा माथि १ करोडसम्म | ५,०००.०० | |
| ६ | १ करोड देखि माथि २ करोडसम्म | १५,०००.०० | |
| ७ | २ करोड देखि माथि ५ करोडसम्म | २०,०००.०० | |
| ८ | ५ करोड भन्दा माथि | २ रुपैया प्रति हजार | |

## अनुसूची (२)

### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित

### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम

### मालपोत तथा भूमि कर/घर जग्गा कर

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| ९ | ग्रामिण प्रति रोपनी | ८.०० | |
| १० | शहरी प्रति वर्ग मिटर | ३.०० | |
| | मालपोत विलम्ब शुल्क | १५% | |

**नोट :** सहरी क्षेत्र भन्नाले होलेरी, सुर्पाल, गोरीनेटा चैखे, दहबन लगायत वरपरका क्षेत्र लगायत प्लटिङ भएका जग्गा र सहीद मार्ग तथा मुख्य बाटोले छोएका सहरी क्षेत्र रहने छन् ।

## अनुसूची (३)

### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्वन्धित

### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) वमोजिम

### घर बहाल कर

रुन्टिगढी गाउँपालिका क्षेत्रभित्र रहेका निजी घरहरु बहालमा लगाएबापत घर बहाल रकमको १० प्रतिशतका दरले घरबहाल कर लाग्ने छ ।

## अनुसूची (४)

### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्वन्धित

### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) वमोजिम

### व्यवसाय कर

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| होटल लज तथा रेस्टुरेन्ट | | | |
| ११ | ५ कोठा भन्दा बढी भएको र लज तथा खाना भएको | ३,०००.०० | |
| १२ | लज मात्र भएको होटल तथा रेस्टुरेन्ट वा साधारण खाना, नास्ता तथा लज भएको | १,५००.०० | |
| १३ | रेस्टुरेन्ट मात्र भएको | ८००.०० | |
| १४ | १० कोठा भन्दा माथि ए.सी. भएको होटल तथा रेस्टुरेन्ट | ८,०००.०० | |
| मासु पसल | | | |
| १५ | राँगा, खसी, बोका बाहेकको मासु मात्र बेच्ने मासु पसल | ३००.०० | |
| १६ | राँगा बाहेक खसी बोका सहितको मासु बेच्ने मासु पसल | ५००.०० | |
| १७ | खसी र कुखुरा तथा राँगाको समेत मासु बेच्ने मासु पसल | ८००.०० | |
| मदिरा पसल | | | |
| १८ | मदिरा पसल (इजाजत प्राप्त थोक पसल) | ७,०००.०० | |

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १९ | इजाजत प्राप्त खुद्रा मदिरा विक्रेता | २,५००.०० | |
| **कोल्ड ड्रिङ्स** | | | |
| २० | कोल्ड ड्रिङ्स पसल | १,५००.०० | |
| **सुन चाँदी गहना** | | | |
| २१ | आफ्नै सुन चाँदी लिई बेच्ने गहना पसल | ४,०००.०० | |
| २२ | अरुको सुन चाँदी लिई बनाउने गहना पसल | १,०००.०० | |
| **रेडियो/मोबाइल** | | | |
| २३ | रेडियो/मोबाइल विक्रि तथा मर्मत पसल | २,०००.०० | |
| २४ | संचार सेवा | १,०००.०० | |
| २५ | घडि विक्रि तथा मर्मत पसल | १,०००.०० | |
| २६ | केवल टिभि सेवा | २,०००.०० | |
| **फोटो स्टुडियो** | | | |
| २७ | कलर ल्याव फोटो स्टुडियो | १,०००.०० | |
| २८ | साधारण फेटो स्टुडियो | ५००.०० | |
| २९ | **हजाम** | १,०००.०० | |
| **टेलरिङ** | | | |
| ३० | आफ्नै कपडा राखि टेलरिङ | २,०००.०० | |
| ३१ | सिलाई मात्र गर्ने टेलरिङ | १,०००.०० | |
| **जुत्ता पसल** | | | |
| ३२ | जुत्ता पसल | २,०००.०० | |
| ३३ | जुत्ता सिलाई तथा मर्मत | ५००.०० | |
| **मोटर वर्कशप** | | | |
| ३४ | मोटर वर्कशप (सम्पुर्ण सवारी साधन मर्मत गर्ने वा गाडीका पार्टस बनाउने) | ५,०००.०० | |
| ३५ | मोटर साइकल मर्मत तथा पार्टस | ३,०००.०० | |
| ३६ | गाडि तथा मोटरसाइकल मर्मत मात्र गर्ने | २,०००.०० | |
| **छापाखाना** | | | |
| ३७ | अफसेट प्रेस (छापाखाना) | २,०००.०० | |
| ३८ | साधारण प्रेस (छापाखाना) | १,०००.०० | |
| **स्वास्थ्य सेवा** | | | |
| ३९ | निजि अस्पताल | ५,०००.०० | |



CamScanner

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| ४० | पोलि क्लिनिक वा थोक मेडिकल | २,०००.०० | |
| ४१ | साधारण मेडिकल | १,५००.०० | |
| मेटल उद्योग | | | |
| ४२ | ग्रिल उद्योग | २,५००.०० | |
| ४३ | मेटल, ग्रिल, आलमुनियम | ३,०००.०० | |
| काष्ठ उद्योग | | | |
| ४४ | काठ चिरानी मेशिन सहित फर्निचर उद्योग | ५,०००.०० | |
| ४५ | साधारण फर्निचर मात्र वा चिराण मात्र गर्ने | ३,०००.०० | |
| इट्टा | | | |
| ४६ | इट्टा भट्टा | ५,०००.०० | |
| ४७ | इट्टा डिपो | ३,०००.०० | |
| ४८ | **कम्प्युटर इन्टिच्युट** | २,०००.०० | |
| ४९ | **दाउरा डिपो** | २,०००.०० | |
| ५० | **पान पसल** | ५००.०० | |
| **बेकरी उद्योग** | | | |
| ५१ | वेकरी उद्योग | १,०००.०० | |
| ५२ | डेरी पसल | ५००.०० | |
| **तरकारी तथा फलफुल** | | | |
| ५३ | तरकारी तथा फलफुल थोक तथा खुद्रा विक्रेता | २,०००.०० | |
| ५४ | तरकारी तथा फलफुल खुद्रा विक्रेता | १,०००.०० | |
| ५५ | **चित्र पसल** | ५००.०० | |
| **मिलहरु** | | | |
| ५६ | १० हर्ज पावर भन्दा माथिको मिल | १,५००.०० | |
| ५७ | १० हर्ज पावर भन्दा तलको मिल | ५००.०० | |
| ५८ | **डिलर** | ५,०००.०० | |
| ५९ | **साइकल भाडा तथा मर्मत** | ५००.०० | |
| **ठेकेदार** | | | |
| ६० | नेपाल सरकारको क बर्गको इजाजत प्राप्त ठेकेदार | ५,०००.०० | |
| ६१ | नेपाल सरकारको ख बर्गको इजाजत प्राप्त ठेकेदार | ४,०००.०० | |
| ६२ | नेपाल सरकारको ग बर्गको इजाजत प्राप्त ठेकेदार | ३,०००.०० | |



CamScanner

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| ६३ | नेपाल सरकारको घ बर्गको इजाजत प्राप्त ठेकेदार दर्ता | २०,०००.०० | |
| ६३.१ | नेपाल सरकारको घ बर्गको इजाजत प्राप्त ठेकेदार नविकरण | ५,०००.०० | |
| ६३.२ | नेपाल सरकारको घ बर्गको इजाजत प्राप्त ठेकेदार विलम्व शुल्क ५० प्रतिशत थप | ७,५००.०० | |
| ६३.३ | नेपाल सरकारको घ बर्गको इजाजत प्राप्त ठेकेदार प्रतिलिपि | ५००.०० | |
| ६४ | **कपडा पसल** | ३,०००.०० | |
| **किराना पसल** | | | |
| ६५ | थोक सहितको किराना पसल | २,०००.०० | |
| ६६ | ५ हजार भन्दा बढी लगानी भएको किराना पसल | १,०००.०० | |
| ६७ | ५ हजार भन्दा कम लगानी भएको किराना पसल | ५००.०० | |
| **खाद्य पसल** | | | |
| ६८ | थोक सहितको खाद्य पसल | १,५००.०० | |
| ६९ | खुद्रा मात्रको खाद्य पसल | ७००.०० | |
| **भाँडा पसल** | | | |
| ७० | धातु तथा प्लास्टीकका भाँडा वेच्ने भाँडा पसल | २,०००.०० | |
| ७१ | रोल्पा जिल्लामा उत्पादन भएका माटोका भाँडा तथा अन्यत्रबाट ल्याइ माटोका भाँडा वेच्ने पसल | १,०००.०० | |
| **श्रृङ्गार पसल** | | | |
| ७२ | थोक सहितका श्रृङ्गार पसल | ५००.०० | |
| ७३ | ५ हजार भन्दा बढी लगानी भएको श्रृङ्गार पसल | ३००.०० | |
| ७४ | ५ हजार भन्दा कम लगानी भएको श्रृङ्गार पसल | २००.०० | |
| **कुखुरा फर्म** | | | |
| ७५ | १००० भन्दा बढी कुखुरा भएको फर्म | १,०००.०० | |
| ७६ | १००० भन्दा कम कुखुरा भएको फर्म | ५००.०० | |
| ७७ | **तैयारी पोशाक तथा फेन्सी पसल** | १,५००.०० | |
| ७८ | **तैयारी जुत्ता पसल** | ७००.०० | |
| ७९ | **दन्त क्लिनिक** | १,०००.०० | |
| ८० | **हार्डवेर पसल** | ४,०००.०० | |



CamScanner

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| ८१ | इलेक्ट्रिक पसल | २,०००.०० | |
| ८२ | कानुनी फर्म | १,०००.०० | |
| ८३ | साईन बोर्ड पेन्टङ | ५००.०० | |
| ८४ | फर्निचर एण्ड फर्निसिङ | ३,०००.०० | |
| स्टेसनारी | | | |
| ८५ | खेलकुदका सामाग्री सहितको स्टेसनारी | १,०००.०० | |
| ८६ | साधारण स्टेसनरी | ५००.०० | |
| ८७ | जडिबुटी खरिद तथा विक्रि पसल | ३,०००.०० | |
| ८८ | लेखापरिक्षक | ५,०००.०० | |
| ८९ | टेलिभिजन पसल | २,०००.०० | |
| उद्योग | | | |
| ९० | २० लाख भन्दा बढी लगानी भएको उद्योग | ५,०००.०० | |
| ९१ | १ लाख ५० हजार देखि २० लाख सम्म लगानी भएको उद्योग | ३,०००.०० | |
| ९२ | १ लख ५० हजार भन्दा कम लगानी भएको उद्योग | १,०००.०० | |
| ९३ | विज्ञापन सेवा वा एजेन्ट | ५००.०० | |
| ९४ | पशु बधसाला | १,५००.०० | |
| ९५ | अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा) | ५,०००.०० | |
| वैक तथा वित्तिय संस्था | | | |
| ९५.१ | क वर्गको वैक | ८,०००.०० | |
| ९५.२ | ख वर्गको वैक | ७,०००.०० | |
| ९५.३ | ग वर्गको वैक | ६,०००.०० | |
| ९५.४ | घ वर्गको वैक | ५,०००.०० | |
| ९६ | निजि स्कुल | ३,०००.०० | |
| ९७ | सिनेमा हल | ३,०००.०० | |
| ९८ | भिडियो हल | १,५००.०० | |
| ९९ | चस्मा पसल | ५००.०० | |
| १०० | शिलाई मेशिन विक्रि तथा मर्मत पसल | २,०००.०० | |
| १०१ | रेफ्रिजेरेटर मर्मत | १,०००.०० | |
| १०२ | दुग्ध डिपो/पसल | १,०००.०० | |



CamScanner

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १०३ | व्युटि पार्लर | ५००.०० | |
| १०४ | सप्लायर्स | ५,०००.०० | |
| १०५ | टेलिफोन टावर राखि सञ्चार सेवा उपलब्ध गराउने संस्था | ५,०००.०० | |
| १०६ | जग्गा विकास वा हाउजिङ्ग | ५,०००.०० | |
| १०७ | म्यानपावर सेवा | ५,०००.०० | |
| १०८ | क्याटेरिङ सेवा | १,०००.०० | प्रति पटक |
| सहकारी संस्था | | | |
| १०९ | वित्तीय कारोबार बाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १,०००.०० | |
| १०९ | वित्तीय कारोबार गर्ने सहकारी संस्था | २,०००.०० | |
| १०९ | वित्तीय कारोबार गर्ने वैक क वर्ग | १०,०००.०० | |
| १०९ | वित्तीय कारोबार गर्ने वैक ख वर्ग | ८,०००.०० | |
| १०९ | वित्तीय कारोबार गर्ने वैक ग र घ वर्ग | ५,०००.०० | |
| ११० | महिला कृषि सहकारी | ५००.०० | |
| १११ | मार्वल टायल पसल | २,०००.०० | |
| ११२ | गाडिको शोरुम | ५,०००.०० | |
| ११३ | टेक्टर तथा अन्य मेसिनरीको शोरुम | ३,०००.०० | |
| ११४ | मोटरसाइकलको शोरुम | २,०००.०० | |
| ११५ | निजि एफ.एम १०० मेगावाट सम्मको दर्ता सुल्क | ५,०००.०० | |
| ११६ | भेटेनरी तथा कृषि सामग्री पसल (अर्गेनिक मल तथा विउ राख्नेलाई बाहेक) | १,५००.०० | |
| ११७ | आइसक्रिम पसल | ५००.०० | |
| ११८ | दाना उद्योग | ३,०००.०० | |
| ११९ | तारजाली बनाउने उद्योग | १,०००.०० | |
| १२० | कृषि व्यवशाय (बंगुर, माछा, गाई पालन) | ५००.०० | |
| १२१ | निजि कलेज | ५,०००.०० | |
| १२२ | ब्लक उद्योग | १,०००.०० | |
| १२३ | मिनरल वाटर उद्योग | ५,०००.०० | |
| १२४ | पानी ट्याङ्कर | ३,०००.०० | |

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १२५ | ग्यास डिपो | ३,०००.०० | |
| १२६ | कोल्ड स्टोर (सितभन्डार) | ३,०००.०० | |
| १२७ | खोटो व्यवसायी | १,०००.०० | |
| १२८ | खोटो व्यवसायी प्राकृतिक श्रोत उपभोग व्यवसाय कर | ६,०००.०० | |
| १२९ | सुचि दर्ता छलफल गरने | | |
| १३० | व्यवासाय दर्ता (३ लाख पुजि भन्दा माथी) | २,०००.०० | |
| १३१ | व्यवासाय दर्ता (१ लाख पुजि भन्दा माथी ३ लाख भन्दा कम) | १,०००.०० | |
| १३२ | व्यवासाय दर्ता (१ लाख पुजि भन्दा कम) | ५००.०० | |
| १३३ | टायर पसल | १,०००.०० | |
| १३४ | पुस्तक पसल डिपो | २,०००.०० | |
| १३५ | माछा पसल | ५००.०० | |
| १३६ | जिम क्लव | ५००.०० | |
| १३७ | नृत्य तथा संगित स्कुल | १,०००.०० | |
| १३८ | फलफुल पसल | ३००.०० | |
| १३९ | दैनिक उपभोग्य सामग्री सवैको खुद्रा पसल | १,५००.०० | |
| | हलभाडा | संस्थागत १५,००।- अन्य १०००।- | |

यस रुन्टिगढी गाउँपालिकाले आफ्नो गाउँपालिका क्षेत्रभित्रबाट उत्पादन भई निकासी गर्दा तपसिल बमोजिमको माल तथा बस्तुमा निकासी कर लाग्नेछ ।

| | | | |
|---|---|---|---|
| १४० | उन प्रति के.जी | ०.२० | |
| १४१ | खोटो सामुदायीक बनको प्रति के.जी. | २.०० | |
| १४२ | हेम धागो प्रति के.जी. | ३.०० | |
| १४३ | टिमुर प्रति के.जी. | ३.०० | |
| १४४ | बनस्पती घिउ, चिउरी घिउ प्रति के.जी. | ०.५० | |
| १४५ | हाड खुर सिङ प्रति के.जी. | २.०० | |
| १४६ | छाला प्रति वटा | ०.५० | |
| १४७ | चिराइतो प्रति के.जी. | १.५० | |
| १४८ | दालचिनी बोक्रा वा पात प्रति के.जी. | १.०० | |
| १४९ | सोमायो प्रति के.जी. | १.०० | |
| १५० | काउलाको जरा तथा बोक्रा प्रति के.जी. | १.०० | |
| १५१ | पदम चाल वा पदम चाल्नो प्रति के.जी. | १.०० | |



CamScanner

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १५२ | भटमास प्रति के.जी. | १.०० | |
| १५३ | भटमास बाहेक अन्य दालजन्य बस्तु प्रति के.जी. | ०.१० | |
| १५४ | मकै गहुँ लगायतका खाद्यान्न प्रति के.जी. | ०.५० | |
| १५५ | अलैचि प्रति के.जी. | २.०० | |
| १५६ | बिभिन्न तरकारी प्रति के.जी. | ०.५० | |
| १५७ | खसी बोका प्रति गोटा | २५.०० | |
| १५८ | गाई गोरु राँगा प्रति गोता | ५०.०० | |
| १५९ | हाँस कुखुरा प्रति गोटा | ५.०० | |
| १६० | सुन्तला तथा अन्य फलफुल प्रति के.जी. | ०.५० | |
| १६१ | गडेरी, झ्ेप्रेट, कलिकाठ प्रति के.जी. | २.०० | |
| १६२ | लसुन, प्याज, अदुवा, वेसार, खुसानी प्रति के.जी. | १.०० | |
| १६३ | चुन ढुङ्गा तथा ढुङ्गा सँग सम्बन्धित बस्तु प्रति टन | १०.०० | |
| १६४ | मालागेरी प्रति के.जी. | १.०० | |
| १६५ | निजि आवादीबाट निकासी हुने ढुङ्गाजन्य उद्योगको लागि प्रति टन | ५०.०० | |

माथि उल्लेख भएको बाहेक अन्य व्यवसाय, सेवा आदिहरुमा स्थानीय स्वायत्त सासन नियमावली, २०५६ को अनुसूची १० को दफा १९ मा तोकिएको हदभित्र रहेर कर असुली गर्ने

आगामी आ.व. सम्म गाउँपालिकाभित्रका सबै व्यवसायीहरुलाई भ्याट वा पानमा आवद्ध गराउनुका साथै साही आधारमा बर्गीकरण गरी व्यवसाय करका दरहरु निर्धारण गरिनेछ।

माथि उल्लेखित व्यवसायिक कर सममा तिर्ने व्यवसायीहरुलाई विलम्ब दस्तुर स्वरुप भुक्तानी गर्नुपर्नेमा बार्षिक करको २५ प्रतिसतसम्म विलम्ब शुल्क लाग्नेछ।



CamScanner

## अनुसूची (५)
## आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित
## नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम
## जडिबुटी कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १६६ | उन (प्राकृतिक तथा कृतिम) प्रति के.जी. | ०.२५ | |
| १६७ | काठ प्रति क्यु फिट | ८.०० | |
| १६८ | खाली सिसि वा वियरको वोत्तल प्रति गोटा | निशुल्क | |
| १६९ | प्लाष्टिक बोत्तल भाँडाकुडा, जर्किन, चप्पल प्रति के.जी. | ०.२५ | |
| १७० | धातुका टुक्रा तथा स साना फलाम प्रति के.जी. | ०.२५ | |
| १७१ | मरेका वा मारिएका पशुको हाडसिङ खुर छाला (प्रतिवन्धित बाहेक) प्रति के.जी. | ०.२५ | |
| १७२ | दाउरा प्रति के.जी. | ०.१० | |

## अनुसूची (६)
## आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित
## नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम
## सवारी साधन कर

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १७३ | हेवि सवारी | ५,०००.०० | |
| १७४ | बस, ट्रक | २,०००.०० | |
| १७५ | भाडाको मिनिबस, भ्यान, ट्रेक्टर आदि | १,०००.०० | |
| १७६ | भाडाको जीप, पिकअप, आदी | ७००.०० | |
| १७७ | भाडाको टेम्पो/अटो | ५००.०० | |
| १७८ | नीजि जिप, कार, भ्यान आदी | १,०००.०० | |
| १७९ | मोटरसाईकल, स्कुटर | ५००.०० | |
| १८० | ठेला गाढा | १००.०० | |
| १८१ | अन्य सवारी | ५०.०० | |
| १८२ | स्काभेटर वा ठुलो मेसिन | १०,०००.०० | |
| १८३ | जे.सि.भि सानो मेसिन | ५,०००.०० | |
| १८४ | मुहान दर्ता शुल्क | २,०००.०० | |
| १८५ | मुहान दर्ता नविकरण शुल्क | ५००.०० | |

## पटके सवारी कर निम्नानुसार लिने

यस गाउँपालिकामा प्रवेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४३ को अनुसूची ११ को प्रकरण २ बमोजिम गाउँपालिका आफैले बनाएको सडकको पटके सवारी कर लगाउन सक्ने व्यवस्था समेत भएकोले चालु आ.व. २०७६/०७७ देखि देहाय अनुसार पटके सवारी कर लिने ।

| | | | |
|---|---|---|---|
| १८४ | बस, ट्रक, टेक्टर आदीमा | ५०.०० | |
| १८५ | अन्य सवारी | २५.०० | |

यस गाउँपालिकामा सवारी बार्षिक कर तिरेका सवारीमा र मोटरसाइकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिइने छैन ।

अनुसूची (७)

आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित

नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम

विज्ञापन कर

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १८६ | साइनबोडै प्रति बर्गफिट | ४०.०० | |
| १८७ | होडिङ बोर्ड प्रति बर्गफिट | १००.०० | |
| १८८ | ग्लोसाईनबोर्ड प्रति बर्गफिट | ९०.०० | |
| १८९ | भित्ते लेखन/ सटर पेन्टिङ प्रति बर्गफिट | ५०.०० | |
| १९० | ब्यानर प्रति हप्ता | १००.०० | |
| १९१ | पोलबोर्ड प्रति गोटा प्रति वर्ष | १,०००.०० | |
| १९२ | डिजिटल बोर्ड प्रति बर्गफिट | २००.०० | |

अनुसूची (८)

आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित

नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम

मनोरन्जन कर

यो आ.व. मा मनोरञ्जन कर लगाइने छैन ।



CamScanner

## अनुसूची (९)
### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्वन्धित
### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम
### बहाल विटौली शुल्क

विभिन्न परम्परागत जात्रा, तथा हाटबजारका क्रममा गाउँपालिका क्षेत्रभित्र निर्मित स्टलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि रु. १०० देखि १००० सम्म बहाल विटौली शुल्क लिन सकिने छ ।

## अनुसूची (१०)
### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्वन्धित
### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम
### पार्किङ्ग शुल्क

गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदिमा एक पटकमा रु १० पार्किङ्ग शुल्क लिइने छ ।

कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको कस्थानमा पार्किङ्ग गरेको अवस्थामा बाहेक गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदि स्थानमा १५ मिनेटभन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु. ५ पार्किङ्ग शुल्क लिइने छ । यस्तो शुल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ ।

## अनुसूची (११)
### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्वन्धित
### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम
### ट्रेकिङ कर

यस गा.पा. क्षेत्रमा ट्रेकिङ्ग, कोयोकिङ, क्यानेइङ्ग, बन्जि जम्पिङ, जिम्न्यास्टिङ, सम्वन्धी कुनै व्यवस्था नभएकोले यस आ.व. मा कुनै पनि कर लगाइने छैन ।

# अनुसूची (१२)
## आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित
## नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम
## सेवा शुल्क दस्तुर

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| १९३ | नागरिकता सिफारिस (वंसज) | २००.०० | |
| १९४ | नागरिकता (अङ्गीकृत) | ५००.०० | |
| १९५ | सर्जमिन सिफारिस दस्तुर | ५००.०० | |
| १९६ | छात्रबृत्ति सिफारिस (साधारण) | २००.०० | |
| १९७ | छात्रबृत्ती सिफारिस (विपन्न असहाय विद्यार्थी) | - | निशुल्क |
| १९८ | अपाङ्गता भएको सिफारिस | - | निशुल्क |
| १९९ | अस्थायी बसोबास सिफारिस | ५००.०० | |
| २०० | स्थायी बसोबास सिफारिस, बसाइसराई सिफारिस | ५००.०० | |
| २०१ | फरक फरक नाम थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एउटै भन्ने सिफारिस वा नाम थर जन्म मिति, मिति संसोधन सिफरिस **(स्वदेशी)** | २००.०० | |
| २०२ | फरक फरक नाम थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एउटै भन्ने सिफारिस वा नाम थर जन्म मिति, मिति संसोधन सिफरिस **(विदेशी)** | ३००.०० | |
| २०३ | अपुताली सिफारिस (तिन पुस्ता भित्र) | ५००.०० | |
| २०४ | अपुताली सिफारिस (तिन पुस्ता बाहेक) | १,०००.०० | |
| २०५ | नाबालक परिचयपत्र सिफारिस | २००.०० | |
| २०६ | पेन्सन सिफारिस (स्वदेशी) | ५००.०० | |
| २०७ | पेन्सन सिफारिस (भारतीय) | १,०००.०० | |
| २०८ | पेन्सन सिफारिस (तेस्रो मुलुक) | २,०००.०० | |
| २०९ | जिवित रहेको सिफारिस | २००.०० | |
| २१० | संस्था/समूह दर्ता सिफारिस | ५००.०० | |
| २११ | संस्था/समूह नविकरण सिफारिस | ३००.०० | |
| | सूर्तीजन्य पदार्थ सिफारिस (कक्कड) प्रति किलो | ०.१० | |
| २१२ | संस्था नविकरण सिफारिस | ५००.०० | |
| २१३ | कोठा कोल्न कार्य रोहबरमा बस्ने सिफारिस | १,०००.०० | |
| २१४ | कोर्ट फि मिनाहा सिफारिस | ५००.०० | |
| २१५ | स्वास्थ्य उपचारको सिफारिस | - | निशुल्क |
| २१६ | व्यवसाय बन्द सिफारिस | २००.०० | |

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| २१७ | व्यवसाय संचालन नभएको सिफारिस | ५००.०० | |
| २१८ | निजी विद्यालय दर्ता/अनुमति (पूर्व प्राथमिक तह) | ५,०००.०० | |
| २१९ | निजी विद्यालय दर्ता/अनुमति (कक्षा १ देखी ५ सम्म) | १०,०००.०० | |
| २२० | निजी विद्यालय दर्ता/अनुमति (कक्षा ६ देखी ८ सम्म) | २०,०००.०० | |
| २२१ | निजि विद्यालय दर्ता/अनुमति (कक्षा ९ देखी १२ सम्म) | ३०,०००.०० | |
| २२२ | सामुदायिक विद्यालय दर्ता/अनुमति (पुर्व प्राथमिक तह) | १,०००.०० | |
| २२३ | सामुदायिक विद्यालय दर्ता/अनुमति (कक्षा १ देखी ५ सम्म) | २,०००.०० | |
| २२४ | सामुदायिक विद्यालय दर्ता/अनुमति (कक्षा ६ देखी ८ सम्म) | ३,०००.०० | |
| २२५ | सामुदायिक विद्यालय दर्ता/अनुमति (कक्षा ९ देखी १२ सम्म) | ५,०००.०० | |
| २२६ | मिलोपत्रको कागज मिलाउने निवेदन दर्ताको सिफारिस | २००.०० | |
| २२७ | संरक्षक सिफारिस (व्यक्तिगत) | २००.०० | |
| २२८ | संरक्षक सिफारिस (संस्थागत) | २००.०० | |
| २२९ | निजि विद्यालय ठाउँसारी गर्ने सिफारिस | १,०००.०० | |
| २३० | जन्म मिति प्रमाणित (स्वदेशी प्रयोजन) | २००.०० | |
| २३१ | जन्म मिति प्रमाणित (विदेशी प्रयोजन) | ५००.०० | |
| २३२ | विवाहीत र अविवाहित प्रमाणित (स्वदेशी प्रयोजन) | २००.०० | |
| २३३ | विवाहीत र अविवाहित प्रमाणित (विदेशी प्रयोजन) | ५००.०० | |
| २३४ | ठेगाना प्रमाणित (स्वदेशी प्रयोजन) | २००.०० | |
| २३५ | ठेगाना प्रमाणित (विदेशी प्रयोजन) | ५००.०० | |
| २३६ | चारित्रिक प्रमाणित (स्वदेशी प्रयोजन) | २००.०० | |
| २३७ | चारित्रिक प्रमाणित (विदेशी प्रयोजन) | ५००.०० | |
| २३८ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १,०००.०० | |
| २३९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | २००.०० | |
| २४० | कर क्लिरिङ्स सिफारिस | २००.०० | |
| २४१ | नाता प्रमाणित (स्वदेशी प्रयोजन) | २००.०० | |
| २४२ | नाता प्रमाणित (विदेशी प्रयोजन) | ५००.०० | |
| २४३ | धारा विजुली सिफारिस | २००.०० | |
| २४४ | नामथर आदि सच्चाउने | २००.०० | |
| २४५ | जग्गा, मोही, नामसारी, जग्गा दर्ता, गुठी रैकर आदी सिफारिस | २००.०० | |
| २४६ | जग्गा खरिद विक्रिमा घर, बाटो प्रमाणित (नक्सामा घर कायम भएको) | ५००.०० | |
| २४७ | कालोपत्रे, मोटरबाटो भएको छ भनि गरिने सिफारिसमा | ५००.०० | |
| २४८ | अन्य मोटरबाटो भएको छ भनि गरिने सिफारिसमा (घरबाटो) | ८००.०० | |



CamScanner

| क्र.सं. | विवरण | कर दर बार्षिक | कैफियत |
|---|---|---|---|
| | अन्य सिफारिस | २००.०० | |
| २४९ | अन्य मोटरबाटो भएको छ भनि गरिने सिफारिसमा **(साधारण)** | ५००.०० | |
| २५० | रुख काट्नको लागि सिफरिस (व्यापारीक) | १,५००.०० | |
| २५१ | रुख काट्नको लागि सिफरिस (घरायसी) | २००.०० | |
| २५३ | योजनाको सिफारिस | २००.०० | |
| २५४ | मुल्याङ्कन सिफारिस (आयश्रोत) गाउसभामा हेर्ने | ५००.०० | |
| २५५ | ठेक्का आयोजना सिफारिस | ५००.०० | |
| २५६ | मार्कसीट नाम सच्चाउने | २००.०० | |
| २५७ | मार्कसीट नाम हराएको | ५००.०० | |
| २५८ | हल भाडा ठुलो | १,५००.०० | |
| २५९ | हल भाडा सानो | १,०००.०० | |
| २६० | बिज्ञसुचिमा सचिकृत हुन रकम | १,०००.०० | |
| २६१ | शिक्षक सरुवा सिफारीस | २००.०० | |

यस गाउँपालिकामा कर, दस्तुर, महशुल आदि बुझाएको भनी लिएको प्रमाणपत्रहरु यदि हराएमा रु. १०० लिई अर्को प्रतिलिपि प्रमाणपत्र दिइने छ ।

निवेदन दर्ता दस्तुर २५.००

| क्र.सं. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| २५६ | आवासिय घर, ६ तल्ला सम्म प्रति महिना | १००.०० | |
| २५७ | आवासिय घर, ६ तल्ला भन्दा माथि प्रति महिना | १५०.०० | |
| २५८ | होटल, लज सहितको व्यवसायिक | ५००.०० | |
| २५९ | होटल, सानो चिया नास्ता | १००.०० | |
| २६० | मासु पसल (राँगा खसी) | ५००.०० | |
| २६१ | मासु पसल कुखुरा | ५००.०० | |
| २६२ | सैलुन | १००.०० | |
| २६३ | तरकारी फलफुल | २००.०० | |
| २६४ | पान पसल | १००.०० | |
| २६५ | माछा पसल | २००.०० | |
| २६६ | किराना, होलसेल पसल | २००.०० | |
| २६७ | सिराना खुद्रँ पसल | १००.०० | |
| २६८ | फेन्सी, मोवाइल, साइबर, कपडा, घडि, चुरा, धागो, आदी पसल | १००.०० | |
| २६९ | सुन पसल | २००.०० | |
| २७० | स्कुल क्याम्पस, सरकारी | २००.०० | |
| २७१ | स्कुल क्याम्पस, निजि होस्टेल सहित | ५००.०० | |

| क्र.सं. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| २७२ | स्कुल क्याम्पस, निजि | ३००.०० | |
| २७३ | कायालय सरकारी | ३००.०० | |
| २७४ | कायालय निजि, संघ, संस्था | ४००.०० | |
| २७५ | उद्योग, ठुलो व्यवसायीक | १,०००.०० | |
| २७६ | उद्योग घरेलु, साना छाला, जुत्ता, झोला आदी | २००.०० | |
| २७७ | धान, च्युरा, तेल मिल आदी | ५००.०० | |
| २७८ | फर्निचर उद्योग | ३,०००.०० | |
| २७९ | बस, माइक्रो, काउन्टर | २००.०० | |
| २८० | हस्पिटल, पोलिक्लिनिक, (सुई, सिरिन्ज बाहेक) | १,५००.०० | |
| २८१ | मेडिकल हल, एग्रोभेट | ५००.०० | |
| २८२ | कुखुरा फर्म (६०० भन्दा बढी) | १,०००.०० | |
| २८३ | कुखुरा फर्म (६०० भन्दा कम ) | ५००.०० | |
| २८४ | हार्डवेर, भाँडा पसल | ३००.०० | |
| २८५ | स्टेसनरी पसल | १००.०० | |
| २८६ | कापी उद्योग, छापाखाना | ५००.०० | |
| २८७ | मोटर वर्कसप | ५००.०० | |
| २८८ | साइकल, मोटरसाइकल वर्कसप | ५००.०० | |
| २८९ | मोटर, मोटरसाइकल शोरुम | ५००.०० | |
| २९० | मेटल, वर्कशप, मोटरपार्टस, वर्कसप | ४००.०० | |
| २९१ | टायर सिसोलिङ | १,०००.०० | |
| २९२ | बैंक, वित्तीय संस्था | ५००.०० | |
| २९३ | सहकारी संस्था | ३००.०० | |
| २९४ | टेलरिङ पसल | २००.०० | |
| २९५ | इट्टा विक्रि केन्द्र, भट्टा | ५००.०० | |
| २९६ | पेट्रोल पम्प | ५००.०० | |
| २९७ | मदिरा पसल | ५००.०० | |
| २९८ | टि.भि. इलेक्ट्रीक तथा मर्मत पसल | २००.०० | |
| २९९ | हस्तकला आर्ट, प्लेक्स | २००.०० | |
| ३०० | सिनेमा हल, पार्टि प्यालेस, क्याछरिङ | १,०००.०० | |
| ३०१ | दुध डिपो | ३००.०० | |
| ३०२ | व्युटि पार्लर | ३००.०० | |
| ३०३ | सिलाई मेसिन पसल तथा मर्मत | ३००.०० | |
| ३०४ | कुखुरा बाहेक कृषि फर्म | ३००.०० | |
| ३०५ | अन्य | ३००.०० | |

| | चुन ढुङ्गा खानी संचालन सम्बन्धी | सिफारिस | निकासि कर |
|---|---|---|---|
| | लाइम स्टोन | १ लाख | प्रति टन २० |
| | डोलमाइट | ७५ हजार | प्रति टन १५ |
| | कोर्जाइट | ५० हजार | प्रति टन १० |
| | साधारण ढुङ्गा तथा गिटी | १० हजार | प्रति टन २ |

उल्लेखित खानिको प्रत्येक आ.व.मा नवीकरण दस्तुर सिफारिस दस्तुरको ५० प्रतिशत लाग्नेछ ।

योजनाहरु, छात्रवृत्ति, आर्थिक सहायता, निःशुल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठ नागरिक भत्ता प्राप्तको लागि गरिने मञ्जुरनामाको सिफारिस आदि सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐनसँग नबाझिने गरी कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

## अनुसूची (१३)

### आर्थिक ऐन २०७४, दफा (२) सँग सम्बन्धित
### नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम
### पर्यटन शुल्क दस्तुर

यस गा.पा. क्षेत्रमा पर्यटकहरुलाई बढी आकर्षण गर्ने उद्देश्यले यस आ.व. मा कुनै पनि कर लगाइने छैन ।

चारकिल्ला प्रमाणित दस्तुरः चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न बमोजिम क्षेत्रफल भएको जग्गाहरुमा निम्न बमोजिम सेवा शुल्क लिने ।

| सि.नं. | विवरण | विस्तृत विवरण | ग्रामीण क्षेत्र रु | सहरी क्षेत्र रु |
|---|---|---|---|---|
| १ | आधा रोपनीसम्मको जग्गाको | ग्राभेल | २००.०० | ५००.०० |
| | | कच्ची | १००.०० | ४००.०० |
| २ | १ रोपनीसम्मको जग्गाको | ग्राभेल | ५००.०० | ८००.०० |
| | | कच्ची | २००.०० | ५००.०० |
| ३ | १ रोपनी भन्दा बढी ५ रोपनीसम्मको | ग्राभेल | ७००.०० | १,०००.०० |
| | | कच्ची | ३००.०० | ६००.०० |
| ४ | ५ रोपनी भन्दा बढी १० रोपनीसम्मको | ग्राभेल | १,०००.०० | १,३००.०० |
| | | कच्ची | ४००.०० | ७००.०० |
| ५ | १० रोपनी भन्दा बढी जतिसुकै भए पनि | ग्राभेल | २,५००.०० | २,८००.०० |
| | | कच्ची | ५००.०० | ८००.०० |



CamScanner

गाउँसभाका प्रस्तावहरु

१ संसोधित आर्थिक बिधेयक

२. महालेखा परिक्षकको प्रारम्भिक प्रतिबेदन २०७८/७९ उपर छलफल

३. संसोधित बिनियोजन बिधेयक

४. बिधायन समितिबाट पेश भएका बिधेयकलाई स्विकृत

५ संचित कोषमा फिर्ता रकमको योजना छनोट

६ खर्च अनुमोदन सम्बन्धमा

७ योजना संसोधन समंबन्धमा

८ बिबिध

निर्णयहरु

निर्णय नं १

१. गाउँसभाको दशौं बैठकबाट रुन्टीगढी गाउँपालिकाको आर्थिक बर्ष २०७८/७९को आर्थिक ऐनमा देहाय अनुसार संसोधन गर्ने निर्णय गरीयो।

क)आर्थिक ऐन २०७८ को अनुसुचि ४ मा ब्यबसाय करका दरहरुमा एकल महिला, अपाङ्ग र दलित समुदायबाट संचालित ब्यवसायमा सम्बन्धित वडा कार्यालयको सिफारीसको आधारमा ५० % छुट (एक पटकलाई) दिन सकिनेछ।

ख) आर्थिक ऐन २०७८ को अनुसुचि १२ मा सेवा शुल्क दस्तुरमा देहाय अनुसार संसोधन गर्ने निर्णय गरीयो।

| क्र.स | चुन ढुङ्गा खानी | सिफारीस दस्तुर | प्रदुषण शुल्क |
|---|---|---|---|
| १ | लाईम स्टोन | १ लाख | प्रति टन २० |
| २ | डोलामाईट | ७५ हजार | प्रति टन १५ |
| ३ | कोर्जाईट साधारण गिट्टी ढुङ्गा समेत | ५० हजार | प्रति टन १० |

बालाराम बुढा
अध्यक्ष

बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner